# इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन

शान्ता कुमारी खनाल
परीक्षा क्रमाङ्क : २८०७०३/०७३
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-१-३७८-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश (नेपा.शि ५४४) प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**

**२०७३/२०१६**

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७३/०६/०७

.........................

शान्ता कुमारी खनाल

शोधार्थी

## निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी शान्ता कुमारी खनालले मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको अध्ययन र प्रस्तुतीकरणबाट म पूर्णतः सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

प्रा.डा. राजेन्द्रप्रसाद पौडेल

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रि. वि. कीर्तिपुर

मिति : २०७३/०८/१४

Nov. 29, 2016

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग**
**कीर्तिपुर काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ शान्ता कुमारी खनालले 'इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार पार्नुभएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................. |
| २. | प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (शोध निर्देशक) | ............................... |
| ३. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ................................ |

मिति : २०७३/०९/०५

Dec. 20, 2016

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेकी छु । कुनै पनि अनुसन्धान कार्य एक्लो व्यक्तिको प्रयासबाट मात्र सम्भव हुँदैन । यसका निमित्त धेरै व्यक्तिहरूको सल्लाह, सुझाब तथा सहयोगको आवश्यकता पर्दछ । यो प्रस्तावता प्रतिवेदन पुरा गर्न विभिन्न महानुभावहरूको विभिन्न तवरबाट आफ्नो बहुमूल्य सल्लाह, सुझाब तथा सहयोग  प्रदान गर्नु भएकोमा उहाँहरूप्रति आभार व्यक्त गर्दछु ।

यस शोधपत्रको प्रस्तावना कार्यको सुरुदेखि शोधपत्रको अन्तिम लेखाइसम्म सहयोग, सल्लाह एवम् मार्गदर्शन गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक प्रा.डा. राजेन्द्रप्रसाद पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र अध्ययनका क्रममा प्रस्तावनालाई विभागीय स्वीकृति प्रदान गरी आवश्यक सल्लाह तथा सुझाब दिई अनुसन्धान कार्यमा प्रोत्साहन गर्नुहुने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी नेपाली शिक्षा विभागका अन्य श्रद्धेय  गुरुहरूप्रति पनि आभारी छु ।

अध्ययनको सुनौलो अवसर प्रदान गरी मलाई यस अवस्थासम्म ल्याउनुहुने मेरा ममतामयी माता गोमा खनाल तथा पूजनीय पिता लक्ष्मीकान्त खनालप्रति सर्वदा कृतज्ञ छु । मेरो अध्ययनमा निरन्तर चासो व्यक्त गरी मलाई प्रत्यक्ष परोक्ष रूपमा प्रेरित गर्ने मेरा हजुबुवा, हजुरआमा, मामा, माइजु र साथहिरूलाई धन्यवाद दिन चाहन्छु । यस क्रममा मलाइ प्रत्यक्ष सल्लाह प्रदान गर्नुहुने मामा तिर्थराज खतिवडा, चन्द्रकान्त निरौला तथा खेमराज निरौलालाई म हार्दिक धन्यवाद दिन चाहन्छु । मलाई अध्ययनमा हौसला र प्रेरणा प्रदान गर्ने मेरा साथीहरू अनिता घिमिरे, सुनिता घिमिरे, मेनुका पोखेल तथा दिदीहरू शोभा सुब्बा र सीता राईलाई म हार्दिक रूपमा सम्झन चाहन्छु । मैले शोधपत्र तयारीका क्रममा सन्दर्भ सामग्रीका रूपमा जसजसका पुस्तक, लेख, शोधपत्र आदिको प्रयोग गरेकी छु यस्ता सम्पूर्ण विद्वान्जनप्रति म आभार प्रकट गर्दछु । त्यसैगरी अध्ययन सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय, विभागीय पुसतकालयका सबै कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा शोधपत्र टङ्कन गरी यस अवस्थामा ल्याइदिने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरलाई हार्दिक धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७३/०८/१४

शान्ता कुमारी खनाल
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

# शोधसार

शोधशीर्षक : इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन

शोधार्थी : शान्ता कुमारी खनाल

शोधनिर्देशक : प्रा.डा. राजेन्द्रप्रसाद पौडेल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शैक्षिक वर्ष : २०७१/०७२

अध्याय : ८

पृष्ठ : २४+५२

**उद्देश्य**

यस शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाई निराकरणका उपायहरू सुझाउनु ।

ग) इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु,

**शोधप्रक्रिया**

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विभिन्न उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययनका क्रममा प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा इलाम जिल्लाका विभिन्न दशवटा उच्च मा.वि.का १०/१० जना विद्यार्थीहरू गरी १०० जना विद्यार्थीहरू नमुनाका रूपमा

लिइएको छ भने द्वितीयक सामग्रीको रूपमा पूर्वकार्यहरू, सन्दर्भपुस्तकहरू, पत्रपत्रिकाहरू तथा लेख रचनाहरू रहेका छन् । जम्मा आठ अध्यायमा संगठित प्रस्तुत शोधपत्रलाई क्रमशः परिचय, सैद्धान्तिक अवधारणा अध्ययन विधि तथा प्रक्रिया, व्याख्या विश्लेषण, निष्कर्ष तथा उपयोगितामा विभाजित छ ।

**शोध निष्कर्ष**

प्रस्तुत शोधपत्र 'इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययनमा १० वटा उच्च मा.वि.का १०० जना विद्यार्थीहरूले लेखेको सामग्रीलाई यहाँ उपयोग गरिएको छ । तिनै निमन्त्रणा पत्र लेखनका आधारमा तालिकाबद्ध गरी व्याख्या विश्लेषण गरियो । उक्त व्याख्या विश्लेषणका आधारमा प्राप्त निष्कर्षलाई निम्नअनुसार बुँदामा देखाइएको छ :

१. समग्रमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ६७ प्रतिशत विद्यार्थीहरूको ५० प्रतिशतभन्दा माथि प्राप्ताङ्क प्राप्त गर्न सफल भएकाले उनीहरूको लेखन क्षमता राम्रो रहेको पाइयो ।

२. समग्रमा विद्यार्थीहरूको मध्यमानका आधारमा निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४२ प्रतिशत र मध्यमानभन्दा माथि ५८ प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

३. छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ५० प्रतिशतभन्दा माथि लेखन क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ६० प्रतिशत रहनुले छात्रहरूको निमन्त्रणा लेखन क्षमता राम्रो मान्न सकिन्छ ।

४. छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ५० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरू ७६ प्रतिशत रहनुले छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो मान्न सकिन्छ ।

५. सामुदायिक उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशतभन्दा माथि निमन्त्रणा लेखन क्षमता भएका विद्यार्थीहरू ६८.५७ प्रतिशत रहनुले सामुदायिक उ.मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

६. संस्थागत उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशतभन्दा माथि निमन्त्रणालेखन क्षमता भएका विद्यार्थीहरू ७६.६६ प्रतिशत रहनुले निमन्त्रणा लेखन क्षमता राम्रो मान्न सकिन्छ ।

७. आदर्श उच्च मा.वि.का कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ५० प्रतिशत र मध्यमानभन्दा माथि ५० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमतामा एकरूपता रहेको मान्न सकिँदैन ।

८. करफोक उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ६० प्रतिशत र मध्यमानभन्दा माथि ४० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर रहेको मान्न सकिन्छ ।

९. कृष्णाश्रम उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र मध्यमानभन्दा माथि ७० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

१०. शान्ति निकेतन उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र मध्यमानभन्दा माथि ६० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रण लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

११. फिक्कल उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र मध्यमानभन्दा माथि ६० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

१२. भानुभक्त उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र

मध्यमानभन्दा माथि ६० प्रतिशत रहनुले विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमता सन्तोषजनक देखिन्छ ।

१३. इलाम उच्च माध्यमिक विद्यालयका कक्षा ११ मा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दाल तल ४० प्रतिशतर मध्यमानभन्दा माथि ६० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक मानिन्छ ।

१४. चारखोला उच्च माध्यमिक विद्यालयका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा कम ५० प्रतिशत र मध्यमानभन्दा माथि ५० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता कमजोर र लेखन क्षमतामा एकरूपता रहेको मान्न सकिँदैन ।

१५. एभरल्यान्ड इन्टरनेशनल उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र मध्यमानभन्दा माथि ७० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

१६. हेरिटेज नेशनल एकेडेमीका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मापन गर्दा मध्यमानभन्दा तल ४० प्रतिशत र मध्यमानभन्दा माथि ६० प्रतिशत रहेकोले विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | उद्देश्य | ३ |
| १.४ | शोधको औचित्य | ४ |
| १.५ | शोध सीमा | ४ |
| १.६ | अध्ययनको रूपरेखा | ५ |


## अध्याय दुई
## पूर्वकार्यको समीक्षा


| | | |
|---|---|---|
| २.१ | पुस्तक समीक्षा | ६ |
| २.२ | शोध समीक्षा | ८ |


## अध्याय तिन
## सैद्धान्तिक अवधारणा


| | | |
|---|---|---|
| ३.१ | विषय परिचय | १२ |
| ३.२ | निमन्त्रणाका प्रकार | १४ |
| ३.३ | लेखाइ सिपको विकासमा निमन्त्रणापत्र लेखनको स्थान | १७ |
| ३.४ | लेखाइ सिप र निमन्त्रणा लेखन | १८ |
| ३.५ | अभिव्यक्ति सिपको विकासमा निमन्त्रणा लेखनको भूमिका | १९ |
| ३.६ | उच्च माध्यमिक तहमा निमन्त्रणा शिक्षणको प्रयोजन | २० |
| ३.७ | उच्च माध्यमिक तहमा निमन्त्रणा लेखन र शिक्षण क्रियाकलाप | २१ |


## अध्याय चार
## शोधविधि तथा अध्ययन प्रक्रिया


| | | |
|---|---|---|
| ४.१ | जनसङ्ख्या छनोट | २३ |
| ४.२ | प्रतिनिधि नमुना छनोट | २३ |
| ४.३ | प्राथमिक स्रोत | २४ |
| ४.४ | द्वितीयक स्रोत | २४ |
| ४.५ | सामग्री निर्माण | २४ |
| ४.६ | तथ्याङ्क सङ्कलन | २४ |
| ४.७ | तथ्याङ्क विश्लेषण | २४ |

## अध्याय पाँच

## लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति


५.१ छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति २६

५.१.१ मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति २७

५.२ छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति २८

५.२.१ मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति २९

५.३ छात्र र छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना ३०


## अध्याय छ

## विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति


६.१ सामुदायिक विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति ३२

६.१.१ मध्यमानका आधारमा करफोक उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३२

६.१.२ मध्यमानका आधारमा श्री कृष्णाश्रम उ.मा.वि., कोलबुङका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३२

६.१.३ मध्यमानका आधारमा शान्ति निकेतन उ.मा.वि. का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३३

६.१.४ मध्यमानका आधारमा फिक्कल उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३३

६.१.५ मध्यमानका आधारमा भानुभक्त उच्च मा.वि. का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३४

६.१.६ मध्यमानका आधारमा इलाम उच्च मा.वि. इलाममा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३४

६.१.७ मध्यमानका आधारमा आदर्श उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३५

६.२ संस्थागत विद्यालयको निमन्त्रणा लेखन क्षमताको स्थिति ३५

६.२.१ मध्यमानका आधारमा चारखोला उच्च मा.वि.का विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३६

६.२.२ मध्यमानका आधारमा एभरल्यान्ड इन्टरनेशनल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३६

६.२.३ मध्यमानका आधारमा हेरिटेज नेशनल एकेडेमीका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ३७

६.३ सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलना ३७

## अध्याय सात

## समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन


७.१ समग्र विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क स्थिति ४०

७.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति ४१

७.३ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको प्रतिशताङ्क स्थिति ४२

७.४ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमताको स्थिति ४३

७.५ संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणालेखन क्षमताको प्रतिशताङ्क स्थिति ४३

७.६ मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थिति ४४


## अध्याय आठ

## सारांश, निष्कर्ष, सुझाव र उपयोगिता


८.१ सारांश ४६

८.२ निष्कर्ष ४७

८.३ सुझाव ४८

८.४ उपयोगिता ४९

८.४.१ नीतिगत तह ४९

८.४.२ प्रयोगात्मक तह ४९

८.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५०

**सन्दर्भसूची** ५१

**परिशिष्ट**

**व्यक्तिवृत्त**

## सङ्क्षेप सूची

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| तालिका नं. | तालिका नम्बर |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| पृ.स. | पृष्ठ सङ्ख्या |
| प्रा. | प्राध्यापक |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |